# प्रेस विज्ञप्ती

सिक्टा सिंचाइ आयोजनामा देखिएको समस्याहरुको सम्बन्धमा सम्बन्धित विषय विज्ञहरुको राय सुझाव अनुसार यो नितान्त प्राविधिक चुनौतीको विषय हुंदा हुंदै सो आयोजना अन्तर्गत मूल नहरको डिजाइन एवं निर्माणमा संलग्न प्राविधिकहरु उपर हालै भ्रष्टाचारजन्य मुद्दा दायर भएको छ । यस विषयमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट गठन भएको प्राविधिक कार्यदल तथा प्रतिनिधी सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदनमा समस्याको मूल कारण प्राकृतिक (**Dispersive Soil**) र व्यवस्थापकीय पक्ष रहेको उल्लेख गरी समस्या समाधानको लागि तत्काल सुधारका कार्यहरु गर्नुपर्ने भनि निर्देश भएको अवस्थामा राज्यको ठूलो लगानी भईसकेको राष्ट्रिय गौरवको आयोजनामा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक सुधारका कार्यहरु गरेर अगाडि बढ्न सकिने अवस्था रहेकोमा सम्बद्ध ईन्जिनियरहरु उपर मुद्दा दायर हुंदा आयोजनालाई नै प्रतिकुल असर पर्ने देखिन्छ । यस तथ्यलाई समेत नजर अन्दाज गरी नितान्त ईन्जिनियरिङ्ग तथा प्राविधिक समस्याको समाधान ईन्जिनियरिङ्ग प्रविधिबाट नै खोजीनु पर्नेमा यथेष्ट बस्तुपरक आधारहरु बिना नै डिजाइन एवं निर्माणमा संलग्न सबै पक्षलाई एकमुष्ट रुपमा भ्रष्टाचारजन्य मुद्दा दायर गरिनुले समग्र ईन्जिनियरहरु तथा परामर्शदाताहरुलाई चिन्तित तुल्याएको छ ।

यस्ता घटनाबाट देशभित्र काम गर्ने वातावरण विग्रन गई ईन्जिनियरहरु पलायन हुने हुँदा देश विकासमा दुरगामी नकारात्मक असर पर्न जान्छ । यसरी यथेष्ट र वस्तुपरक प्रमाण बिनानै मुद्दा दायर हुँदा सम्पूर्ण ईन्जिनियरहरुको मनोवल गिर्न गई विकासको काममा बाधा पर्न जाने र सरकारको **"समृद्ध नेपाल सुखी नेपाली"** बनाउने राष्ट्रिय अभियान नारामा मात्र सिमित हुने निश्चित छ ।

समृद्धिका बाहक ईन्जिनियरहरुको मनोबल गिराउने यो घटनाले हाम्रो समुदायलाई आश्चर्यमा पारेको छ । घटनाको तथ्यपरक र न्यायोचित छानविन गरि यथार्थ विषय सार्वजनिक गर्न नेपाल सरकारसँग जोडदार माग गर्दै सरोकारवाला सम्पूर्ण निकायको ध्यानाकर्षण गराउँदछौं ।

ई. राजेश थापा
अध्यक्ष
सोसाइटी अफ कन्सल्टीङ्ग आर्किटेक्चरल
एण्ड ईन्जिनियरिङ्ग फर्मस

अध्यक्ष
नेपाल ईन्जिनियर्स एशोसिएसन

**मितिः- २०७५ मंसीर २३ गते**